नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218

9802592799

9803474311

9817806395


## बैंकिङ कसुर मुद्दामा फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सप्तरी।**
बैंकिङ कसुर मुद्दामा दोषी ठहर भई फरार रहेका एक जना प्रतिवादी पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरी टोलीले सप्तरी जिल्ला अदालत राजविराजबाट बैंकिङ कसुर मुद्दामा दोषी ठहर भएका तिरहुत गाउँपालिका–३ का दामोदर रजकलाई पक्राउ गरेको हो।

अदालतको फैसलाअनुसार रजकलाई १ महिना कैद र ३ लाख ५० हजार रुपैयाँ जरिवाना तोकिएको छ।

रजकलाई फैसला कार्यान्वयनका सप्तरी जिल्ला अदालत राजविराजमा उपस्थित गराइएको सप्तरीका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।


● वर्ष ४ ● अंक २५४ ● २०८३ साल भाद्र ०४ गते बिहीबार ● Thursday 20, August 2026 ● सूर्योदय: बिहान ०५:३६ बजे ● सूर्यास्त: साँझ ०६:३७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-


## तीनवर्षीया बालिका हत्या प्रकरण:

# ‘अपराधीलाई फाँसी’ माग, जवाफदेहितामा गुम्दै प्रहरीको साख




- चकलेटको प्रलोभन देखाएर लगियो खाली घर, बलात्कारपछि हत्या
- बेपत्ता भएको ३ दिनपछि घर नजिकै बालिकाको शव भेटियो
- घटनास्थलमै प्रहरीसँग हिंड्ने युवक नै परे पक्राउ
- सांसदको माग- बलात्कारीलाई फाँसीको सजाय सुनिश्चित गरियोस्

**मधेशदृष्टि**
**जीतपुरसिमरा।**
एउटी तीनवर्षीया बालिका आइतबार बिहान आफ्नै बस्तीबाट बेपत्ता हुन्छिन्। परिवार चिन्तित हुन्छ। आफन्त र स्थानीयवासी खोजीमा जुट्छन्। प्रहरीलाई पनि खबर गरिन्छ। तर, समय बित्दै जान्छ। घण्टा दिनमा बदलिन्छ र अन्ततः तीन दिनपछि ती अबोध बालिका घर फर्किन्छिन्, तर जीवित होइन, शवका रूपमा।

जीतपुरसिमरा उपमहानगरपालिका–१, दसधुरेस्थित सुकुमवासी बस्तीकी तीन वर्षीया ‘गरिमा चौधरी’को मृत्युले अहिले सिंगो देशलाई स्तब्ध बनाएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानले बालिकामाथि गम्भीर आपराधिक यौन हिंसापछि हत्या भएको खुलासा गरेको छ। यद्यपि घटनाको वास्तविक प्रकृति, यौन हिंसा भएको वा नभएको तथा मृत्युको कारण पोस्टमार्टम रिपोर्ट, फरेन्सिक प्रमाण र विस्तृत अनुसन्धानपछि मात्रै पुष्टि हुने प्रहरीले जवाफ छ। तर, अनुसन्धानको अन्तिम निष्कर्ष आउन बाँकी रहे पनि तीनवर्षीया बालिकाको शव तीन दिनपछि आफ्नै घर नजिकको खाली घरमा भेटिनु केवल एउटा आपराधिक घटना होइन। यो नागरिक सुरक्षामाथि गम्भीर प्रश्न हो। यो प्रहरीको प्रारम्भिक खोजी र प्रतिक्रियामाथि प्रश्न हो। र, सबैभन्दा महत्वपूर्ण, अपराधीमाथि राज्यको कानुनी डर कति प्रभावकारी छ भन्ने प्रश्न पनि हो।

यसै घटनालाई लिएर प्रतिनिधिसभासम्म कठोर सजायको बहस पुगेको छ। नेपाली कांग्रेसकी सांसद ‘साहजान खातुन’ले बलात्कार तथा यौन हिंसाजस्ता जघन्य अपराधमा संलग्नलाई फाँसीको सजायसम्मको व्यवस्था गर्न माग गरेकी छन्। प्रतिनिधिसभाको बैठकमा उनले बारामा तीनवर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनालाई मानवतामाथिको कलंकको संज्ञा दिइन्। अपराधीलाई उमेर, पहुँच वा प्रभावका आधारमा कानुनी कारबाहीबाट उम्कन दिन नहुने उनको स्पष्ट भनाइ थियो। उनले बालिका तथा महिलामाथि हुने यौन हिंसा र हत्याका घटनामा ‘जिरो टोलरेन्स पोलिसी’ लागू गर्नुपर्ने माग गर्दै बलात्कारीलाई कानुन बनाएर फाँसीको सजाय सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएकी छन्। गरिमाको मृत्युले जन्माएको पीडा र जनआक्रोशबीच सांसद खातुनको मागले एउटा ठूलो बहस पनि सतहमा ल्याएको छ, ‘के नेपालमा बढ्दो यौन हिंसा नियन्त्रणका लागि वर्तमान कानुन पर्याप्त छ ? अपराधीलाई सजाय नहुने संस्कृतिले अपराधलाई प्रोत्साहन दिइरहेको छ कि छैन ? र, कानुन भएपनि त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा जघन्य अपराधीहरूलाई राज्य कमजोर देखिएको हो कि होइन ?’

### • तीन दिनको खोजीपछि घरनजिकै भेटियो शव

गरिमा आइतबार बिहान करिब साढे ८ बजे बस्तीबाटै बेपत्ता भएकी थिइन्। परिवार र स्थानीयवासीले खोजी गरेपनि उनी फेला परिनन्। प्रहरीलाई सूचना दिइएको थियो। तर, मंगलबार साँझ घरबाट करिब डेढदेखि दुई सय मिटरको दूरीमा रहेको करिब पाँच महिनादेखि खाली रहेको घरभित्र उनको शव फेला पर्‍यो। खाली घरबाट दुर्गन्ध आएपछि स्थानीयले झ्यालबाट हेर्दा शव देखे र प्रहरीलाई खबर गरे। घटनास्थलमा पुगेको प्रहरीले बालिकाको शव नग्न अवस्थामा रहेको, शरीर सुन्निएको तथा यौनाङ्गमा चोट देखिएको जनाएको छ। बालिकाले लगाएका भित्री कपडासहित अन्य कपडासमेत घटनास्थलबाट बरामद गरिएको छ। त्यो पनि स्थानीयले भनेपछि प्रहरी आफ्नो तालिमप्राप्त कुकुर लिएर घटनास्थल पुगेर अनुसन्धान थालेको थियो। त्यो भन्दा अघि तीन दिनसम्म प्रहरीले बालिकालाई खोज्न चासो समेत दिएन। सायद प्रहरीले चासो दिएको भए गरिमाको ज्यान बच्न सक्थ्यो कि ?

> ***नेपालमा यौन हिंसा र हत्यासम्बन्धी कानुनी व्यवस्था नै नभएको होइन। तर, कानुन हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन्। पीडितले प्रहरीसम्म पुग्न नसक्ने, उजुरी दर्तामा समस्या आउने, अनुसन्धानमा ढिलाइ हुने, प्रमाण संकलनमा कमजोरी देखिने, अभियुक्त फरार हुने वा मुद्दा लामो समयसम्म अदालतमा अल्झिने अवस्था रहिरहँदा अपराधीमाथि कानुनको डर कमजोर हुन्छ।***

घटनाको प्रकृति हेर्दा जबरजस्ती करणीपछि हत्या भएको हुन सक्ने आशंका गर्ने आधार देखिएपनि प्रहरीले अन्तिम निष्कर्षमा पुग्न पोस्टमार्टम र विस्तृत अनुसन्धानको प्रतिवेदन कुर्नुपर्ने जनाएको छ। तर, एउटा तीन वर्षीया बालिका बेपत्ता भएको तीन दिनसम्म फेला नपर्नु र अन्ततः घरनजिकैको खाली घरभित्र शव भेटिनुले प्रहरीको खोजी प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। ‘बालिका हराएको पहिलो घण्टामा प्रहरीले के गर्‍यो ? दोस्रो घण्टामा के गर्‍यो ? ६ घण्टा, १२ घण्टा र २४ घण्टासम्म खोजीको दायरा कहाँसम्म पुग्यो ?’ यही प्रश्न अहिले पीडित परिवार, स्थानीयवासी र जनप्रतिनिधिहरूले उठाइरहेका छन्।

### • शव भेटिएपछि मात्र तीव्र अनुसन्धान

बालिकाको शव फेला परेपछि घटनाको अनुसन्धान तीव्र बनाइएको प्रहरीले जनाएको छ। वीरगंजबाट तालिमप्राप्त कुकुर ल्याएर घटनास्थलमा अनुसन्धान गरिएको छ। घटनास्थलको सूक्ष्म निरीक्षण, सम्भावित प्रमाण संकलन तथा शंकास्पद व्यक्तिमाथि निगरानी सुरु गरिएको छ। यस क्रममा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ।

पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका–२ का करिब १६ वर्षीय सुमन थापा र सोही क्षेत्रका २४ वर्षीय प्रोग्रेस चौधरी रहेका छन्। प्रहरीका अनुसार सुमन म्याजिक भ्यानका सहचालक हुन्। प्रोग्रेस चौधरी उक्त म्याजिकसँग सम्बन्धित व्यक्ति हुन्। घटनामा प्रयोग भएको भनिएको ना.१ ज ७७५८ नम्बरको म्याजिक पनि प्रहरीले नियन्त्रणमा लिएको छ। बारा जिल्ला अदालतबाट चार दिनको म्याद लिएर दुवैजनामाथि जबरजस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिएका छन्।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार सुमन थापाले बालिकालाई चकलेटको प्रलोभन देखाएर बस्तीबाट केही टाढा रहेको खाली घरतर्फ लगेको आशंका गरिएको छ। प्रारम्भिक अनुसन्धान र सोधपुछका क्रममा आएका विवरणलाई अन्तिम सत्यका रूपमा स्वीकार गर्न भने मिल्दैन। घटनाको वास्तविकता प्रमाण, पोस्टमार्टम, फरेन्सिक परीक्षण तथा अनुसन्धानका अन्य तथ्यबाट स्थापित हुन बाँकी छ।

### • प्रहरीसँगै खोजीमा हिंड्ने व्यक्ति नै पक्राउ

यस घटनाको अर्को गम्भीर पक्ष पक्राउ परेका एक व्यक्तिको गतिविधि पनि बनेको छ। प्रहरीका अनुसार अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्ति शव भेटिएपछि घटनास्थल वरपर प्रहरीसँगै हिँडडुल गरिरहेका थिए। ‘कसले यस्तो हत्या गरेको होला, जसरी पनि पक्राउ गर्नुपर्छ’ भन्ने शैलीमा खोजीमा संलग्न रहेको भनिएका व्यक्ति नै पछि शंकाको घेरामा परेका हुन्। तालिमप्राप्त कुकुरको संकेत तथा प्रारम्भिक अनुसन्धानका आधारमा उनलाई नियन्त्रणमा लिइएको बताइएको छ।

यदि घटनामा पक्राउ परेका व्यक्ति वास्तवमै संलग्न रहेको अनुसन्धानबाट प्रमाणित भयो भने यसले अपराध अनुसन्धानको अर्को गम्भीर पक्ष उजागर गर्नेछ ‘अपराधीले अनुसन्धानलाई समेत नजिकबाट नियालिरहेको अवस्था’। तर, यससँगै अर्को प्रश्न पनि उठ्छ ‘बालिका बेपत्ता भएको सुरुदेखि नै सम्भावित व्यक्ति, नजिकका चिनजानका मानिस र जोखिमयुक्त स्थानहरूको व्यवस्थित अनुसन्धान किन प्रभावकारी रूपमा अघि बढ्न सकेन ?’

### • ‘हत्यारासति लापरवाह प्रहरीलाई पनि कारबाही होस्’

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रहबर अन्सारीले घटनामा प्रहरीको प्रारम्भिक भूमिकामाथि पनि प्रश्न उठाएका छन्। प्रतिनिधिसभा बैठकमा उनले बालिका हराएको सूचना


*बाँकी पृष्ठ ३ मा*


# अदालतको अवहेलनामा कारण देखाऊ आदेश




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारसम्बन्धी विवादमा अदालतको अल्पकालीन अन्तरिम आदेश जारी भएको भोलिपल्ट नेपाल टेलिकमको वीरगंजस्थित शाखा भवनमा डोजर चलाइएको विषयमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले अदालतको अवहेलनासम्बन्धी कारण देखाऊ आदेश जारी गरेको छ।

नेपाल टेलिकमका तर्फबाट सङ्गीता अर्याल पहाडीको अख्तियारप्राप्त वारिस भई कामेश्वर पण्डितले दायर गरेको अवहेलनासम्बन्धी निवेदनमाथि सुनुवाइ गर्दै अदालतले सम्बन्धित विपक्षीलाई अदालतको आदेश उल्लङ्घन भएको हो वा होइन भन्ने विषयमा कारणसहित जवाफ पेस गर्न आदेश दिएको हो।

यसअघि न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले नेपाल टेलिकमका तर्फबाट दायर रिटमा प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। टेलिकमले जिल्ला प्रशासन कार्यालय पर्सासहित विभिन्न सरकारी निकायलाई विपक्षी बनाएर प्रतिषेध, उत्प्रेषण र परमादेशलगायतका आदेश माग गर्दै रिट दायर गरेको थियो। अदालतले रिटमा मागबमोजिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा विपक्षीलाई प्रमाणसहित लिखित जवाफ पेस गर्न भनेको थियो। सम्बन्धित विपक्षीले म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नुपर्ने आदेशमा उल्लेख छ।

टेलिकमले अन्तरिम आदेशसमेत माग गरेपछि अदालतले विवादको प्रकृति र संवेदनशीलतालाई ध्यानमा राख्दै दुवै पक्षलाई उपस्थित गराएर छलफल गर्नु उपयुक्त हुने ठहर गरेको थियो। अन्तरिम आदेशसम्बन्धी छलफलका लागि भदौ ४ गतेको पेशी तोकिएको छ।

त्यसअघि अदालतले छलफल नहुँदासम्म निवेदनमा उल्लेख गरिएको सडक क्षेत्रमा सडक विस्तारसम्बन्धी काम नगर्न–नगराउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। तर, आदेश जारी भएको भोलिपल्टै सडक डिभिजन कार्यालय, हेटौँडाले नेपाल टेलिकमको वीरगंज शाखा भवनमा डोजर चलाएपछि टेलिकमले अदालतको आदेश कार्यान्वयन नभएको दाबी गर्दै अवहेलनासम्बन्धी निवेदन दिएको हो।

सडक डिभिजन कार्यालय, हेटौँडाले मितेरीपुलदेखि बहुअरी गण्डक चोकसम्मको त्रिभुवन राजपथ खण्डमा सडक विस्तारका लागि संरचना हटाउँदै आएको छ। कार्यालयका अनुसार अभियानका क्रममा हालसम्म करिब एक हजार दुई सय संरचनाको अगाडिको भाग हटाइएको छ। आदेश आउनुअघिसम्म ४० भन्दा कम संरचना हटाउन बाँकी रहेको कार्यालयले जनाएको छ।

अदालतको आदेश जारी भइसकेपछि पनि सडक विस्तारको काम अघि बढाइएको विषय अहिले अदालतको अवहेलना भयो वा भएन भन्ने प्रश्नको केन्द्रमा आएको छ।

अदालतले सम्बन्धित पक्षलाई अदालतको आदेशको अवज्ञा किन भएको हो भन्ने आधारमा कारणसहित जवाफ पेस गर्न भनेको छ। कारण देखाऊ आदेश जारी हुनु आफैँमा अदालतको अवहेलना ठहर हुनु भने होइन। सम्बन्धित पक्षको जवाफ तथा दुवै पक्षको सुनुवाइपछि मात्र अदालतले यस विषयमा थप निर्णय गर्नेछ।

वीरगंजको मुख्य सडक विस्तारका क्रममा लामो समयदेखि संरचना हटाउने अभियान चल्दै आएको छ। सडक विस्तार आवश्यक रहेको सरकारी पक्षको दाबी रहे पनि निजी तथा सार्वजनिक संरचना, कानुनी अधिकार र अदालतका आदेश कार्यान्वयनको विषयले विवाद थप जटिल बन्दै गएको छ।

भदौ ४ गते हुने अन्तरिम आदेशसम्बन्धी छलफलसँगै अवहेलनासम्बन्धी कारण देखाऊ आदेशमा सम्बन्धित पक्षले पेस गर्ने जवाफलाई समेत महत्वपूर्ण रूपमा हेरिएको छ।

# भीआइपी सवारी खरिदमा सीमा

## मुख्यमन्त्रीलाई डेढ करोडसम्मको सुविधा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले उच्च पदाधिकारीका लागि सवारी साधन खरिदको अधिकतम सीमा तोकेको छ। प्रदेश अर्थ मन्त्रालयले जारी गरेको ‘प्रदेश खर्च मापदण्ड निर्देशिका–२०८३’ ले पदाधिकारीको हैसियतअनुसार सवारी साधन खरिदको सीमा निर्धारण गरेको हो।

निर्देशिकाअनुसार मुख्यमन्त्री र सभामुखका लागि अधिकतम १ करोड ५० लाख रुपैयाँसम्मको जिप खरिद गर्न सकिनेछ। प्रदेशका मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री र उपसभामुखका लागि भने १ करोड २० लाख रुपैयाँसम्मको सवारी साधन खरिद गर्न पाउने व्यवस्था गरिएको छ।

त्यस्तै, प्रमुख सचिव, आयोगका पदाधिकारी तथा मुख्य न्यायाधिवक्ताका लागि ८० लाख रुपैयाँसम्म र प्रदेश सचिव वा सोसरहका पदाधिकारीका लागि ६० लाख रुपैयाँसम्मको सवारी साधन खरिद गर्न सकिनेछ।

संघीय सरकारका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष तथा प्रधानन्यायाधीशलगायत अति विशिष्ट पदाधिकारी मधेश प्रदेश भ्रमणमा आउँदा प्रयोग गर्ने प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा तोकिएको निकायले बढीमा ४ करोड रुपैयाँसम्मको एक थान सवारी साधन खरिद गर्न सक्ने व्यवस्था गरिएको छ।

निर्देशिकाले अत्यावश्यक अवस्थाबाहेक अर्थ मन्त्रालयको सहमतिबिना चारपांग्रे तथा दुईपांग्रे सवारी साधन खरिद गर्न रोक लगाएको छ। भएका सवारी साधनको नियमित मर्मतसम्भार गरी


*बाँकी पृष्ठ ३ मा*

सम्पादकीय

# छोरा जोगाउने प्रश्न होइन, संस्कार जोगाउने जिम्मेवारी

बालिकामाथि हुने बलात्कार कुनै क्षणिक आवेग वा सामान्य किशोर गल्ती होइन; यो पीडितको जीवन, आत्मसम्मान र भविष्यमा गहिरो घाउ पार्ने गम्भीर अपराध हो। यस्तो जघन्य घटनामा १६ वर्षमुनिको बालकसमेत संलग्न भएको खबरले अभिभावकलाई स्तब्ध, लज्जित र पीडित परिवारलाई जीवनभरको पीडामा धकेल्छ। त्यसैले प्रश्न केवल 'छोरालाई कसरी जोगाउने ?' भन्ने होइन, 'छोरालाई अरूको अधिकार, शरीर र असहमतिप्रति सम्मान गर्न कसरी सिकाउने ?' भन्ने हो।

अभिभावकले आफ्ना छोराको भविष्य, शिक्षा र प्रतिष्ठाको सपना देख्नु स्वाभाविक हो। तर त्यो सपना अरूकी छोरीको अस्मिता कुल्चिएर पूरा हुन सक्दैन। छोराले गरेको अपराधलाई लुकाउने, पीडितलाई दोष दिने, मिलापत्र गराउने वा सामाजिक प्रतिष्ठाका नाममा दबाउने प्रवृत्तिले अपराधीलाई मात्र बलियो बनाउँछ। अभिभावकले आफ्ना सन्तानलाई माया गर्नुपर्छ, तर माया भनेको अपराधमा ढाकछोप होइन; सत्य स्वीकार गराउने, जिम्मेवारी बोध गराउने र कानुनी प्रक्रियामा सहयोग गर्ने साहस पनि हो।

१६ वर्षमुनिको बालक कानुनी रूपमा अझै विकासोन्मुख उमेरमा हुन्छ भन्ने तथ्यले अपराधको पीडा र गम्भीरता घटाउँदैन। बालकलाई सुधार, मनोसामाजिक परामर्श र पुनःस्थापनाको अवसर दिनुपर्छ; तर त्यसका नाममा पीडितको न्याय रोक्न मिल्दैन। घर, विद्यालय र समाजले किशोरलाई सहमति, लैङ्गिक सम्मान, डिजिटल व्यवहार, अश्लील सामग्रीको प्रभाव र हिंसाका परिणामबारे उमेरअनुकूल तथा स्पष्ट शिक्षा दिन आवश्यक छ। मौनता, गलत संगत र दण्डहीनताले किशोरलाई सुरक्षित बनाउँदैन; सचेत संवाद र उत्तरदायी निगरानीले बनाउँछ।

अभिभावकले छोराको व्यवहारमा आएको अस्वाभाविक परिवर्तन, हिंसाप्रतिको आकर्षण, महिलामाथिको अपमानजनक भाषा, जबर्जस्तीलाई सामान्य ठान्ने सोच र अनलाइन गतिविधिलाई बेवास्ता गर्नु हुँदैन। छोरालाई 'तिमी पुरुष हौ, जे गर्न पनि पाउँछौ' भन्ने विषालु शिक्षा होइन, 'हरेक व्यक्तिको शरीर र निर्णयमाथि उसको आफ्नै अधिकार हुन्छ' भन्ने मानवीय मूल्य सिकाउनुपर्छ। विद्यालय, स्थानीय तह, प्रहरी र समुदायले पनि पीडितमैत्री उजुरी प्रणाली, गोपनीयता, शीघ्र अनुसन्धान र किशोरका लागि सुधारात्मक कार्यक्रम सुनिश्चित गर्नुपर्छ।

यस्ता घटनाले अभिभावकको सपना पूरा गर्दैनन्; बरु एउटा परिवारलाई अपराधबोध, अर्को परिवारलाई असह्य पीडा र समाजलाई नैतिक पतनको ऐना देखाउँछन्। अब अभिभावकले छोरा जोगाउने नाममा अपराधबाट जोगाउन होइन, छोरालाई अपराध गर्नै नदिने संस्कार निर्माण गर्न सोच्नुपर्छ। न्याय पीडितको अधिकार हो, सुधार किशोरको आवश्यकता हो र जिम्मेवारी अभिभावक, विद्यालय, राज्य तथा सम्पूर्ण समाजको साझा कर्तव्य हो।

## नेपाल–जापानसम्बन्धमा जापानी भाषा र संस्कृतिको भूमिका

–डा. रामचन्द्र भुसाल

नेपाल र जापानबीचको मैत्री सम्बन्ध धेरै पुरानो र महत्वपूर्ण छ। नेपालको विकासमा निरन्तर रूपमा सहयोग गर्दै आएका मित्र राष्ट्रहरूमध्ये जापान अग्रस्थानमा छ। सन् १९५६ सेप्टेम्बर १ मा दुई देशबीचमा औपचारिक रुपमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सात दशक लामो दुईपक्षीय मित्रता आपसी हित, नेपालको विकासमा जापानको साझेदारी र दुई देशका नागरिकबीचको सम्बन्ध फराकिलो र मजबुत बनाउँदै अगाडि बढिरहेको छ। दोस्रो विश्वयुद्धमा ध्वस्त भएको जापानले आज आफूलाई सक्षम राष्ट्रको रुपमा खडा गरी विश्वका नेपाल जस्ता धेरै मुलुकको विकासमा सहयोग गरिराखेको छ।

दुई देशबीचको मित्रताको इतिहास हेर्दा सन् १८९९ मा जापानी भिक्षु इकाई कावागुची तिब्बती बौद्ध धर्म अध्ययनको सिलसिलामा तिब्बत जाने क्रममा नेपाल आउनुभएको र नेपाल जापानको मैत्री सम्बन्ध अनौपचारिक रुपमा जापानी भिक्षु इकाई कावागुचीको नेपाल भ्रमणबाटै सुरुआत भएको देखिन्छ। नेपाल र जापानबीचमा कूटनीतिक सम्बन्ध स्थापनापश्चात् जापानले नेपालको औद्योगिक विकास, कृषि, जलविद्युत्, शिक्षा, स्वास्थ्य, मानव संशाधन र पूर्वाधार विकासलगायतका क्षेत्रमा जापानी महत्वपूर्ण सहयोग गर्दै आएको छ। नेपाल र जापानबीचको सम्बन्ध स्थिर, दीर्घकालीन र विश्वासिलो छ भने जापानले नेपाललाई गर्दै आएको सहयोग निस्वार्थ र निरन्तर छ। जापानले दोस्रो विश्वयुद्ध पछिको कठिन परिस्थितिलाई अवसरको रुपमा लिँदै अहिले विश्वमै समृद्ध मुलुकहरूमध्ये अग्रस्थानमा रहेको छ। त्यस्तो कठिन परिस्थितिलाई पार गर्दै जापान अहिलेको अवस्थामा कसरी आइपुग्यो भन्ने थाहा पाउँदा हामीले जापानबाट सिक्नसक्ने कुराहरुको बारेमा बुझ्न सजिलो हुन्छ।

जापानीहरूले आफ्नो देश तथा आफू जापानी हुनुमा अत्यन्त गर्व गर्ने गर्छन्। देश प्रेमको गहिरो भावमा उनीहरूको राष्ट्रिय विकास प्रतिको दृढ प्रतिबद्धता स्पष्ट रूपमा देखिन्छ। उनीहरू राष्ट्रिय प्रगतिलाई सामूहिक दायित्वको रुपमा लिँदै समाजको विकासको लागि एकताबद्ध भएर परिश्रमपूर्वक काम गर्छन्। 'इमान्दारिता नै सर्वोत्तम नीति हो' भन्ने मान्यता जापानीहरूको दैनिक जीवनमा व्यावहारिक रुपमा स्पष्ट देखिन्छ। सार्वजनिक तथा निजी दुवै परिवेशमा नियम कानुनको कडाइका साथ पालना गरिन्छ, जसले व्यवस्था कायम राख्न र अराजकता हुन नदिन सहयोग पुर्याउँछ। जापानमा समय निष्ठताप्रति उच्च सम्मान गर्दै समय व्यवस्थापनलाई प्राथमिकता दिइन्छ।

जापानी उखान 'नाना कोरोवी याओकि' अर्थात् 'सात पटक लड, आठ पटक उठ' हो यसले जापानको लचिलोपन र धैर्यता झल्काउँछ र जति चुनौती आए पनि अगाडि बढिरहने दृढ इच्छाशक्ति विकास गर्न प्रोत्साहन गर्छ। जापानीहरु आफ्नो र अरुको गोपनीयतालाई धेरै सम्मान गर्छन्। जापानमा जेष्ठ र वरिष्ठहरुलाई व्यावहारिक रुपमै सम्मान गरिन्छ। त्यहाँ अनुशासनलाई सम्मानको रुपमा लिइन्छ जसले मानिसलाई आत्म नियन्त्रण गर्न प्रेरित गर्छ। अनुशासन, मिहेनत र जिम्मेवारी जापानी संस्कृति र जीवनका मुख्य आधार हुन्।

जापानका नीतिहरुले समानतालाई बढावा दिन्छन्। सबै सरकारी कर्मचारीलाई हरेक तीन वर्षमा सरुवा गर्नु र एउटै क्षेत्रमा बस्ने सबै बालबालिकालाई प्राथमिक तहमा एउटै विद्यालयमा जानुपर्ने व्यवस्था समानताको उदाहरण हो। जापानमा हरेक पेसालाई सम्मान गरिन्छ र 'सम्मान चाहियो भने सम्मान देउ' भन्ने सोच सानैदेखि सिकाइन्छ। बालबालिकालाई सही गलत छुट्याउन र आफ्नो निर्णय आफैँ गर्न प्रोत्साहन गरिन्छ, जसले आत्मनिर्भरता विकास गर्छ। जापानमा घरदेखि पार्क र विद्यालयजस्ता सार्वजनिक स्थानसम्म सफाइलाई अत्यन्त महत्व दिइन्छ। जापानी समाजले साझा हितका लागि सहकार्यलाई महत्व दिन्छ, जुन कुनै चाडपर्व, सामुदायिक कार्यक्रम र स्वयंसेवा गतिविधिमा देखिन्छ। जापानी संस्कृतिमा शिक्षालाई उच्च मान्यता दिइन्छ र जापानको शिक्षा प्रणाली प्रतिस्पर्धात्मक एवं व्यावहारिक छ।

जापानीहरूले ताजा र मौसमी उत्पादनमा केन्द्रित सन्तुलित खाना खाने, बेलुकाको खाना चाँडै खाने र खानापछि हल्का व्यायाम गर्ने गर्छन्, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ। यस्ता खानपान र जीवनशैलीले समग्र स्वास्थ्य सुधार्ने र दीर्घायु बढाउन मद्दत गर्ने भएकै कारणले जापानमा १०० वर्ष नाघेको जनसङ्ख्या झन्डै एक लाख छ। जापानीहरू आफ्नो मिहेनत र काममा गर्व गर्छन्, जसले देशको विकासमा महत्वपूर्ण योगदान दिन्छ। जापानी शब्द 'गामान' (सहनशीलता) भन्ने अवधारणाले काममा निरन्तरता, धैर्यता र कर्तव्यबोधप्रति जापानी प्रतिबद्धता देखाउँछ। जापानीहरूले जीवनमा सबैभन्दा बढी आफ्नो जिम्मेवारी र कामलाई प्राथमिकतामा राख्दछन्। त्यहाँको तीव्र आर्थिक विकास नेपालजस्ता विकासोन्मुख देशहरूको लागि प्रेरणादायी उदाहरण बनेको छ। जापानले गरेको दक्ष जनशक्ति विकास, जापानीहरूको उच्च नागरिक जिम्मेवारी, प्रभावकारी राजनीतिक नेतृत्व, सुशासनलगायतका कुराहरुले अहिलेको जापान बनेको हो। हामीले जापान र जापानी जनताहरूबाट यस्तै कुराहरु सिक्न सक्छौँ।

जापान जस्तो विकसित मुलुकले पनि अहिले केही समस्याहरु भोगिरहेको छ। ढिलो विवाह र व्यस्त जीवनको दबाबको कारण घट्दो जन्मदर र बढ्दो वृद्धहरूको सङ्ख्या जापानको चुनौती बन्दै गएको छ। त्यस्तै जापानमा पश्चिमी देशको प्रभावले सामाजिक, धार्मिक र सांस्कृतिक परिवर्तन आउन गई जापानको आफ्नोपनमा ह्रास हुने सम्भावना बढ्दै गएको छ। अहिले जापानमा विदेशीहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दैछ र नेपालीहरू मात्रै झन्डै तीन लाख छन्। यसरी बढ्दै गएको विदेशीहरूको सङ्ख्या जापानी समुदायको लागि समस्या बन्दैछ। जापानीहरुलाई जापानको बारेमा पर्याप्त ज्ञान नभएका विदेशीहरूले जापानको संस्कृति, परम्परा र समुदायमा विकृति ल्याउँछन् कि भन्ने त्रास छ भने जापानी भाषा, संस्कृति, नियम कानुन आदिको ज्ञान नभएका विदेशीहरूले भाषा र संस्कृतिको समस्या, सामाजिक एक्लोपना र जटिल प्रशासनिक प्रक्रिया जस्ता विभिन्न कठिनाइ भोगिरहेका छन्। यस्तो अवस्थामा कतिपय नेपालीहरु आफ्नो जापान बस्ने समय अवधि नसकिँदै नेपाल फर्कने, आत्महत्या गर्ने लगायतका समाचार आउन थालेका छन्। गत दश महिनामा मात्र २५ जना नेपाली युवाहरुले जापानमा आत्महत्या गरेको समाचार छ। यस्ता घटनाहरु नेपाल र जापान दुवैको लागि दुःखद् हुन् र भविष्यमा यस्ता घटनाले नेपाल जापानको मैत्री सम्बन्धमा नै क्षति पुग्न सक्छ। दुवै मुलुकका सरकार, जापानी समुदाय एवं जापान जाने वा त्यहाँ बस्ने नेपालीहरूले यी समस्याहरुलाई समयमै गम्भीरतापूर्वक लिई आपसी समझदारीमा समाधानतर्फ लाग्नुपर्छ।

यसको लागि सर्वप्रथम जापान जाने नेपालीहरूसँग कम्तीमा मान्यता प्राप्त जापानी संस्थाले लिने परीक्षामा एनफोर (एन–४) लेभलको जापानी भाषाको ज्ञान हुनु आवश्यक छ। जापानी भाषाको साथै, जापान जाने नेपालीहरूसँग जापानको संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान हुनु अति आवश्यक छ। जापान जाने नेपालीहरू भिसा प्राप्त भएपछि यी कुराहरुमा ध्यान नदिने र सीपसमेत नसिकी जापान जाने हुँदा अहिले त्यस्ता व्यक्तिहरु समस्यामा परेको देखिन्छ। त्यसको लागि जापान जाने नेपालीहरू खासगरी जो कुनै व्यवसाय वा कामको लागि जान्छन्, उनीहरूको लागि गुणस्तरीय अभिमुखीकरण कार्यक्रमको आवश्यकता छ। औपचारिकताको लागि मात्र दिइने अहिलेको अभिमुखीकरण कार्यक्रम प्रभावकारी छैन।

जापान जानुअघि दिइने अभिमुखीकरण कार्यक्रमको लागि युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित जापानी राजदूतावास, जापानस्थित नेपाली राजदूतावास, जाइका, वैदेशिक रोजगार व्यवसायी सङ्घ र नेपाल जापान मैत्री सम्बन्धमा लामो समयदेखि निरन्तर रुपमा कार्यरत सङ्घ÷संस्थाहरू बीचमा समन्वय गरी सम्बन्धित सबैको समन्वय र सहमतिमा गुणस्तरीय पाठ्यक्रम तयार गरी त्यसैको आधारमा जापानको विविध विषयमा ज्ञान भएका प्रशिक्षकहरूबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ।

जापानी भाषा अध्ययनको लागि नेपालमा अहिले धेरै भाषा स्कुल छन्। भाषा परीक्षाको लागि समेत जापानकै मान्यता प्राप्त परीक्षा प्रणाली (जेएलपिटी÷जेएफटी) भएकाले यो प्रणालीअन्तर्गत कम्तीमा एन–४ लेभलको परीक्षा उत्तीर्ण गरेको र तोकिएको अभिमुखीकरण तालीम लिई प्रमाणपत्र प्राप्त व्यक्तिहरुलाई मात्र जापान पठाउने व्यवस्था गर्दा जापान जाने नेपाली र जापानी समुदाय दुवै लाभान्वित हुन्छन्। यसले जापानी समुदायमा नेपालीप्रतिको धारणा अझै सकारात्मक भई नेपाल जापानबीचको मैत्री सम्बन्ध सुमधुर बनाउनसमेत सहयोग पुग्छ। हाल जापानलाई जापानी भाषा, संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान भएका दक्ष युवा जनशक्तिको खाँचो छ।

नेपाली युवाहरुलाई रोजगारी चाहिएको छ। यस सन्दर्भमा हामीले सङ्ख्यात्मक मात्र नभई गुणात्मक पक्षमा ध्यान दिई नेपालबाट भाषा, संस्कृतिलगायतको ज्ञान भएका र अभिमुखीकरण तालिम लिएका युवाहरु मात्र रोजगारीको लागि जापान पठाउने भरपर्दो र दिगो प्रणालीको विकास गरी त्यही प्रणालीमार्फत नै जापान पठाउनुपर्छ। यसले हालको नेपाल जापानमैत्री सम्बन्ध भोलिका दिनमा थप मजबुत हुँदै जापान जाने नेपाली युवाहरु र जापानी समुदाय दुवैलाई सहयोग पुग्नेछ। यसको लागि समयमै सरोकारवाला सबैको ध्यान जान जरुरी छ। रासस

## राहदानी ऐन संशोधन विधेयक: के–के बदलिँदैछन् ?

**राष्ट्रिय समाचार समिति**

सरकारले राहदानीसम्बन्धी विद्यमान कानुनी व्यवस्थालाई समयसापेक्ष बनाउन 'राहदानी ऐन, २०७६' लाई संशोधन गर्न बनेको विधेयक, २०८३' सङ्घीय संसद्मा प्रस्तुत गरेको छ। विधेयकले राहदानी जारी गर्ने प्रक्रियादेखि कूटनीतिक तथा विशेष राहदानीको प्रयोग, विदेशमा रहेका नेपालीलाई राहदानी उपलब्ध गराउने व्यवस्था, राहदानी रोक्का तथा रद्द गर्ने आधार र राहदानी दुरुपयोगमा हुने सजायसम्मका विषयमा महत्त्वपूर्ण परिवर्तन प्रस्ताव गरेको छ। परराष्ट्र मन्त्रालयका अनुसार विश्वव्यापीकरणसँगै रोजगारी, अध्ययन, व्यापार–व्यवसाय तथा अन्य प्रयोजनका लागि विदेश जाने नेपालीको सङ्ख्या बढिरहेको अवस्थामा राहदानीसम्बन्धी कानुनलाई अन्तरराष्ट्रिय मान्यताअनुकूल बनाउन संशोधन आवश्यक भएको हो। विधेयकको अर्को प्रमुख उद्देश्य राहदानी वितरणलाई सेवाग्राहीमैत्री बनाउनु तथा राहदानी जारी नगर्ने, रोक्का राख्ने वा रद्द गर्ने प्रक्रियामा रहेको द्विविधा हटाउनु रहेको छ।

**विदेशमा रहेका नेपालीका सहज बनाउने प्रस्ताव**

विधेयकको महत्त्वपूर्ण पक्ष विदेशमा रहेका नेपाली नागरिकलाई राहदानी सेवा उपलब्ध गराउने व्यवस्थासँग सम्बन्धित छ। प्रस्तावित व्यवस्थाअनुसार विदेशमा रहेका नेपालीको जैविक विवरणसहितको राहदानी आवेदन सङ्कलन गर्न परराष्ट्र मन्त्रालयले निजी क्षेत्र वा अन्य संस्थामार्फत समेत व्यवस्था मिलाउन सक्नेछ। यसबाट विदेशमा रहेका नेपालीलाई राहदानीका लागि आवेदन दिन सहज हुने सरकारको अपेक्षा छ।

हाल राहदानीका लागि विभाग, नेपाली नियोग वा जिल्ला प्रशासन कार्यालयलगायतका निकायमार्फत आवेदन दिने व्यवस्था रहेकामा विधेयकले आवेदन सङ्कलन गर्ने निकायलाई थप व्यवस्थित र जिम्मेवार बनाउने प्रस्ताव गरेको छ। विभागबाहेक अन्य निकायमा आवेदन परेमा त्यस्तो निकायले आवश्यक जाँचबुझ गरी विभागमा राहदानी जारी गर्न सिफारिस गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। विभागले आफ्नो अभिलेखसँग विवरण भिडाएर राहदानी जारी गर्नेछ।

**आवेदन दिएकोभन्दा फरक स्थानबाट पनि राहदानी लिन सकिने**

विधेयकले राहदानी वितरणमा पनि केही लचकता ल्याउने प्रस्ताव गरेको छ। राहदानीका लागि नेपाली नियोगमा आवेदन दिएको तर राहदानी प्राप्त गर्नुअघि आवेदक नेपाल फर्किएको अवस्थामा विभागबाट राहदानी वितरण गर्न सकिनेछ। त्यसैगरी नेपालमा आवेदन दिएर राहदानी प्राप्त गर्नुअघि विदेश गएको अवस्थामा सम्बन्धित नेपाली नियोगबाट राहदानी वितरण गर्न बाधा नपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसले आवेदन दिएको स्थानमै अनिवार्य रूपमा पुगेर राहदानी लिनुपर्ने अवस्थाबाट सेवाग्राहीलाई केही राहत दिने देखिन्छ।

**राहदानी रोक्का वा जारी नगर्ने आधार थप स्पष्ट**

विधेयकले राहदानी जारी नगर्ने वा रोक्का राख्ने अवस्थालाई पनि विस्तृत रूपमा परिभाषित गरेको छ। राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागुऔषध ओसारपसार, अवैध हातहतियार कारोबार, सङ्गठित अपराध तथा आतङ्कवादसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धान अधिकारीको सिफारिसमा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिने प्रस्ताव छ।

त्यस्तै, गम्भीर फौजदारी कसुरमा अदालतमा मुद्दा चलिरहेको अवस्था, अदालतको आदेश, नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाइएको अवस्था तथा राहदानी जारी गर्ने निकायले आधार र कारणसहित निर्णय गरेको अवस्थामा समेत राहदानी रोक्का राख्न सकिने प्रस्ताव छ। विदेशी मुलुकमा शरणार्थीको दर्जा प्राप्त गरेको वा शरणार्थीका लागि आवेदन दिएको व्यक्तिको राहदानीसम्बन्धी व्यवस्था पनि विधेयकमा राखिएको छ। तर यस्तो अवस्थामा पनि यात्रा अनुमतिपत्र जारी गर्न बाधा नपर्ने स्पष्ट गरिएको छ।

**रोक्का गरिएको राहदानीबारे तीन दिनभित्र जानकारी**

विभागले कुनै कारणले राहदानी जारी गर्न नसक्ने भए सम्बन्धित आवेदकलाई तीन दिनभित्र जानकारी दिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, अनुसन्धान वा अदालतसम्बन्धी कारणबाट रोक्का राखिएको अवस्थामा अदालतबाट राहदानी जारी गर्न आदेश भएमा राहदानी जारी गर्न सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ। मुद्दामा सफाइ पाएमा वा दोषी ठहर भएको अवस्थामा कानुनबमोजिम सजाय भुक्तान गरेपछि समेत राहदानी जारी गर्न सकिने व्यवस्था विधेयकमा छ।

**नक्कली कागजात प्रयोग गरेर राहदानी लिनेहरूमाथि कडाइ**

विधेयकले नक्कली वा कीर्ते कागजात प्रयोग गरी राहदानी लिने, अरूको नाममा राहदानी लिने, दोहोरो नागरिकता वा परिचयपत्र प्रयोग गर्ने तथा आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने कार्यलाई कसुरका रूपमा स्पष्ट गरेको छ। त्यस्तै, राहदानीमा अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले विवरण परिवर्तन गर्ने, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने र जुन प्रयोजनका लागि राहदानी जारी भएको हो। त्यसबाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने कार्यलाई समेत कसुर मानिने प्रस्ताव गरिएको छ।

**राहदानी दुरुपयोग गरे पाँच लाखसम्म जरिवाना र तीन वर्षसम्म कैद**

प्रस्तावित सजायसम्बन्धी व्यवस्थाले राहदानी दुरुपयोगमा तुलनात्मक रूपमा कडा दण्डको प्रस्ताव गरेको छ। नक्कली वा कीर्ते परिचयपत्र प्रयोग गर्ने, अरूको नामको वा दोहोरो परिचय प्रयोग गर्ने, आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिने, अरूको राहदानी बदनीयतपूर्वक नियन्त्रणमा राख्ने, राहदानीको निर्धारित प्रयोजनबाहेक प्रयोग गर्ने वा ऐनविपरीत बदनियतपूर्वक अन्य कार्य गर्ने कसुरमा दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुने प्रस्ताव छ।

एक वर्षभन्दा बढी जन्म मिति फरक पारेर राहदानी लिने कसुरमा १० हजार रुपैयाँ जरिवाना, झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गर्ने कसुरमा एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना र ऐनविपरीत बदनयीतपूर्वक अन्य कार्यमा ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना प्रस्ताव गरिएको छ।

**कूटनीतिक र विशेष राहदानीको दायरा स्पष्ट**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी कसलाई र कुन आधारमा जारी गर्ने भन्ने प्रक्रियालाई थप स्पष्ट गर्न खोजेको छ। कूटनीतिक राहदानी सरकारी कामका लागि विदेश भ्रमण गर्ने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई सम्बन्धित निकायको सिफारिसका आधारमा विभागले जारी गर्ने प्रस्ताव छ।

सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णयअनुसारको सिफारिस तथा प्रदेश सरकार वा स्थानीय तहको निर्णयअनुसार मनोनयन भएका व्यक्तिका हकमा सम्बन्धित मन्त्रालयको सिफारिसका आधारमा राहदानी जारी गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

विशेष राहदानीको हकमा पनि सरकारी कामका लागि विदेश जाने तोकिएका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई समान प्रकारको सिफारिस प्रक्रियाबाट राहदानी जारी गर्ने प्रस्ताव छ।

**कूटनीतिक राहदानी लिएर निजी भ्रमण गर्न पाउने सीमा**

विधेयकले कूटनीतिक तथा विशेष राहदानीको प्रयोगलाई समेत सीमित गर्न खोजेको छ यस्तो राहदानी सरकारी कामको सिलसिलामा विदेश भ्रमणबाहेक सामान्य रूपमा प्रयोग गर्न नपाइने प्रस्ताव छ। तर सरकारी भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमबाहेक बढीमा ३० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ।

विदेशस्थित नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिएर नेपाल नफर्किएसम्म बढीमा ९० दिनसम्म व्यक्तिगत भ्रमण गर्न सक्ने प्रस्ताव छ। सरकारी पदबाट मुक्त वा निलम्बित भएपछि कूटनीतिक वा विशेष राहदानी निश्चित अवधिभित्र विभागमा बुझाउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। तर तोकिएको सार्वजनिक पद धारण गरिरहेको व्यक्तिले तोकिएको अवधिसम्म यस्तो राहदानी आफूसँग राख्न सक्नेछ।

**कूटनीतिक राहदानीको मर्यादा कायम गर्नुपर्ने**

विधेयकले कूटनीतिक तथा विशेष राहदानी प्रयोगकर्तालाई आफ्नो पदको गरिमा कायम राख्न र नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी राहदानी प्रयोग गर्नुपर्ने दायित्व प्रस्ताव गरेको छ। नेपाल सरकारले कूटनीतिक, विशेष वा सर्भिस राहदानी जुनसुकै बेला फिर्ता लिन वा रद्द गर्न सक्ने व्यवस्था पनि राखिएको छ।

**अस्थायी राहदानीको नयाँ व्यवस्था**

विधेयकले अस्थायी राहदानीलाई राहदानीको छुट्टै प्रकारका रूपमा समेटेको छ। विद्यमान ऐनमा रहेको व्यवस्थालाई विस्तार गर्दै विभागले निश्चित अवस्थाहरूमा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्ने प्रस्ताव गरिएको छ।

आवेदक स्वयं सम्बन्धित निकायमा उपस्थित हुन नसक्ने अवस्था, विदेशमा रहेका नेपाली नागरिकका १६ वर्ष उमेर पुगेका तर नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकेका सन्तान र विशेष अवस्थामा आवश्यक कागजात बनाउन नसकेका व्यक्तिका लागि यस्तो राहदानी जारी गर्न सकिने प्रस्ताव छ।

**विदेशमा जन्मिएका नेपाली सन्तानका लागि राहदानीको बाटो**

विदेशमा जन्मिएका नेपाली नागरिकका सन्तानका लागि पनि विधेयकले विशेष व्यवस्था प्रस्ताव गरेको छ। विदेशमा रहेका नेपाली बाबुबाट जन्मिएका सन्तान, नेपाली आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तान तथा नेपाली आमा विदेशमा रहेका बेला जन्मिएका र बाबु पत्ता नलागेका सन्तानका हकमा विशेष प्रक्रियाबाट राहदानी जारी गर्न सकिने प्रस्ताव छ।

यस्ता अवस्थामा सम्बन्धित नेपाली नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी राहदानीका लागि आवेदन दिन सकिने प्रस्ताव गरिएको छ। यस्तो अवस्थामा विभागले आवश्यक जाँचबुझ गरी पाँच वर्ष बहाल रहने साधारण राहदानी जारी गर्न सक्नेछ।

विधेयकले भने नेपालको प्रचलित कानुनअनुसार नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नै नपुगेको नाबालकको नाममा राहदानी जारी गर्न नपाइने पनि स्पष्ट गरेको छ।

**राहदानीको म्याद बाँकी छँदै नयाँ राहदानी**

विधेयकले राहदानीको म्याद सकिन बाँकी रहेकै अवस्थामा पनि निश्चित परिस्थितिमा नयाँ राहदानी जारी गर्न सकिने व्यवस्था विस्तार गरेको छ। राहदानी पुरानो भएर पढ्न नसकिने, च्यातिएको वा झुत्रो भएको, विवरणमा त्रुटि भएको, पाना भरिएको, महिलाको थर परिवर्तन भएको वा विभागमा तयार भइसकेको राहदानी वितरण हुनुअघि हराएको वा नासिएको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिने प्रस्ताव छ। नाबालकले १६ वर्ष उमेर पुगेपछि नयाँ राहदानी लिन चाहेमा समेत यस्तो व्यवस्था लागू हुने प्रस्ताव छ।

**राहदानी रद्द गर्ने अधिकार थप निकायसम्म**

राहदानी रद्द गर्ने प्रक्रियामा पनि परिवर्तन प्रस्ताव गरिएको छ। विभाग र नियोगबाहेक जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको अन्य निकायलाई समेत निश्चित अवस्थामा राहदानी रद्द गर्ने प्रक्रियामा समेट्ने प्रस्ताव छ।

नक्कली, कीर्ते, अरूको नामको वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी प्राप्त गरेको अवस्थामा राहदानी रद्द गर्न सकिनेछ। अधिकारप्राप्त अधिकारीबाहेक अन्य व्यक्तिले राहदानीको विवरण परिवर्तन गरेमा पनि राहदानी रद्द गर्न सकिने प्रस्ताव छ। रद्द गरिएको राहदानीको सक्कलप्रति विभागमा उपलब्ध हुन नसकेमा त्यसबारे इन्टरपोललाई जानकारी दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

**आवेदनमा सक्कल कागजातको बाध्यता हटाउने**

विधेयकले राहदानी आवेदन प्रक्रियामा पनि केही सरलीकरण प्रस्ताव गरेको छ। नागरिकताको प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्रको सक्कल र प्रतिलिपि बुझाउनुपर्ने व्यवस्थाको सट्टा सम्बन्धित प्रमाणपत्र मात्र पेस गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसको उद्देश्य आवेदन प्रक्रियालाई सरल बनाउनु रहेको विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ।

**थप आर्थिक भार नपर्ने**

विधेयकमा सरकारले विद्यमान संरचनाकै उपयोग गरेर प्रस्तावित व्यवस्था कार्यान्वयन गर्न सकिने भएकाले राज्यलाई थप आर्थिक दायित्व नपर्ने दाबी गरेको छ। राहदानी प्राप्त गर्ने प्रक्रिया थप सहज र सरल हुने तथा ऐन संशोधनका कारण नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने आर्थिक टिप्पणीमा उल्लेख छ।

**समग्रमा के बदलिन्छ ?**

प्रस्तावित विधेयकलाई हेर्दा यसको मुख्य उद्देश्य राहदानीलाई केवल विदेश यात्राका लागि आवश्यक कागजातका रूपमा व्यवस्थापन गर्नु मात्र नभई राहदानी जारी गर्ने, वितरण गर्ने, रोक्का राख्ने, रद्द गर्ने र दुरुपयोग नियन्त्रण गर्ने सम्पूर्ण प्रणालीलाई थप स्पष्ट र व्यवस्थित बनाउनु देखिन्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## कर्पोरेट डेभलपमेन्ट बैंक लि.,प्रमुख कार्यलय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको १५ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १९ औं दिन (१६,१७,१८ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८३/०५/२२ गते सोमबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

### तपसिल

**१)ऋणीको नाम, ठेगाना**

क) मुखी साह कलवारकी बुहारी, ओम प्रकाश प्रसाद कलवारकी पत्नि जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न. **१००८** ,जारी मिति **२०५२/१२/११** जि.प्र.का. पर्सा) बर्ष ४९ की बिन्जु देवी र हिरा साह कानुकी बुहारी, श्रीकान्त प्रसाद कानुकी पत्नि जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०८ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न. ३४१००१/७८४ ,जारी मिति २०६८/०५/११ जि.प्र.का. पर्सा) बर्ष ५१ की उषा देवी साह ।

**कर्जाको सुरक्षण विवरण:**

१) मुखी साह कलवारकी बुहारी, ओम प्रकाश प्रसाद कलवारकी पत्नि जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न. **१००८** जारी मिति **२०५२/१२/११** जि.प्र.का. पर्सा) बर्ष ४९ की बिन्जु देवी **र** हिरा साह कानुकी बुहारी, श्रीकान्त प्रसाद कानुकी पत्नि जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०८ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न. ३४१००१/७८४ जारी मिति २०६८/०५/११ जि.प्र.का. पर्सा) बर्ष ५१ की उषा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं ७ स्थित किता नं. ५३८ को जम्मा क्षेत्रफल **०-१-१८ वर्ग मिटर** को घरजग्गा ।

२) मुखी साह कलवारकी बुहारी, ओम प्रकाश प्रसादकी पत्नि जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न. **१००८** जारी मिति **२०५२/१२/११** जि.प्र.का. पर्सा) बर्ष ४७ की बिन्जु देवी **र** हिरा साह कानुकी बुहारी, रामाकान्त सा कानुकी पत्नि जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०८ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न. ०५४६३११०, जारी मिति २०६२/०१/१५ जि.प्र.का. पर्सा) बर्ष ४४ की सिमा देवीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं ७ स्थित किता नं. ८४४ को जम्मा क्षेत्रफल **०-०-१० वर्ग मिटर** को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ता :**

**क**) मुखी साह कलवारको नाती, ओम प्रकाश प्रसादको छोरा जिल्ला पर्सा जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २० बस्ने ( ना.प्र.न ३४-०१-७९-१३५६३ जारी मिति २०७९/११/१८ जि.प्र.का. पर्सा) बर्ष २० का **अमन कुमार कलवार** ।

**ख**) हिरा साह कानुको नाती, रामाकान्त सा कानुको छोरा जिल्ला पर्सा जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७ बस्ने (ना.प्र.न ३४-०१-७९-००५६१ जारी मिति २०७९/०२/०५ जि.प्र.का. पर्सा) बर्ष २१ को **आन्नद साह** ।

**ग**) मुखी साह कलवारको नाती, ओम प्रकाश प्रसादको छोरा जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न ३४-०१-७०-१०६६८ जारी मिति २०७०/०९/२२ जि.प्र.का. पर्सा) बर्ष २८ का **अभिषेक कुमार कलवार ।**

**घ**) स्व. दरोगा साह कलवारको नाती, मुखी साह कलवारको छोरा जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न ३६६११४७१, जारी मिति २०३९/०८/०८ जि.प्र.का. पर्सा) बर्ष ६१ का **ओम प्रकाश प्रसाद ।**

**ङ**)स्व. नाथु साह कानुको नाती, हिरा साह कानुको छोरा जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ००५६२८२७ जारी मिति २०४६/०३/०९ जि.प्र.का. पर्सा) बर्ष ५४ को **रामाकान्त सा कानु ।**

**च**) स्व. नाथु साह कानुको नाती, हिरा साह कानुको छोरा जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं.०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ७०९/००५६२७१० जारी मिति २०४५/०१/२२ जि.प्र.का. पर्सा) बर्ष ५६ का **श्रीकान्त प्रसाद कानु** ।

**छ**) हिरा साह कानुकी बुहारी, रामाकान्त सा कानुकी श्रीमती जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ०५४६३११० जारी मिति २०६२/०१/१५ जि.प्र.का. पर्सा) बर्ष ४४ को **सिमा देवी।**

**ज**) स्व. हिरा साह कानुको नातीनी, रामाकान्त सा कानुको छोरी जिल्ला पर्सा जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७ बस्ने (ना.प्र.न ३४-०१-८०-०३६२४ ,जारी मिति २०८०/०३/१२ जि.प्र.का. पर्सा) बर्ष १९ को **अंजली साह ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ भदौ १८ गते बिहिबार दिउँसो ४:०० बजे सम्म ।**

**शिलबन्दी बोलपत्र खोलिने मिति :** २०८३ भदौ २२ गते सोमबार दिउँसो ४:०० बजे देखि (१६,१७,१८ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन ) ।

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज , टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास ,बरहथवा ।

# साउनमा धनुषामा १३४ अपराधका घटना

**मधेशृदष्टि**
**जनकपुरधाम।**

जिल्ला प्रहरी कार्यालय धनुषाले चालु आर्थिक वर्ष २०८३–८४ को पहिलो महिना साउनमा अपराध अनुसन्धान तथा नियन्त्रण, शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, लागूऔषध नियन्त्रण र नागरिक सहायताका क्षेत्रमा सक्रियता बढाएको जनाएको छ।

प्रहरीका अनुसार साउनमा धनुषामा विभिन्न प्रकृतिका १ सय ३४ वटा अपराधसम्बन्धी घटना दर्ता भएका छन् । तीमध्ये ज्यानसम्बन्धी एक, चोरी आठ, आत्महत्यासम्बन्धी छ, संगठित तथा आर्थिक अपराध ३१, सामाजिक अपराध ३२, महिला तथा बालबालिकासम्बन्धी १० र सवारी ज्यानसम्बन्धी ३९ वटा घटना छन्।

प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेका अनुसार अपराध नियन्त्रणका लागि दैनिक गस्ती, नियमित चेकजाँच, सीमा क्षेत्रमा भारतीय समकक्षी निकायसँग समन्वय तथा अपराधको स्वरूप विश्लेषण गरी लक्षित सुरक्षा योजना कार्यान्वयन गरिएको छ।

साउनमा चालु मुद्दाका ८७ जना प्रतिवादी पक्राउ परेका छन्। धनुषामा चालु मुद्दातर्फ १ हजार २ सय ७९ जना प्रतिवादी पेन्डिङमा रहेकामा १ सय ४० वटा मुद्दा फछ्र्योट भएको प्रहरीको तथ्यांक छ।

फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले १ सय ९० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । उनीहरूबाट अदालतले तोकेको ८८ वर्ष २१ दिन कैद तथा २४ लाख ३० हजार १ सय ७८ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि सहयोग पुगेको प्रहरीले जनाएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित १ सय ५ वटा उजुरी साउनमा परेका छन्। तीमध्ये घरेलु हिंसासम्बन्धी १ सय ५ उजुरीमध्ये उपमहानगरपालिकाबाट ४४, नगरपालिकाबाट ४३ र गाउँपालिकाबाट १८ वटा रहेका छन्। प्रहरीले ९५ वटा उजुरीमा मिलापत्र गराएको जनाएको छ।

प्रहरी कार्यालयमा प्रत्यक्ष रूपमा ७ सय ६८ वटा ठाडो उजुरी परेकामा ४ सय ७५ वटा फछ्र्योट भएका छन् । जिल्ला प्रशासन कार्यालयमार्फत आएका ३३ उजुरीमध्ये १७ वटा फछ्र्योट भएका छन् । दुवै जोड्दा ८ सय १ उजुरीमध्ये ४ सय ९२ वटा फछ्र्योट भएको प्रहरीको तथ्यांक छ।

**लागूऔषध नियन्त्रणमा १९ किलोभन्दा बढी गाँजा बरामद**

धनुषा प्रहरीले साउनमा लागूऔषध नियन्त्रणलाई पनि प्राथमिकतामा राखेको जनाएको छ । यस अवधिमा १९ किलो ३ सय ९८ ग्राम गाँजा र १ सय ३५ दशमलव ४ सय ४६ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) बरामद गरिएको छ । विभिन्न औषधिजन्य लागूऔषधसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रवक्ता न्यौपानेले लागूऔषध कारोबार तथा ओसारपसार नियन्त्रणका लागि नियमित निगरानी, सीमा क्षेत्रमा विशेष चेकजाँच र सूचनाका आधारमा कारबाहीलाई तीव्रता दिइएको बताए।

**सवारी दुर्घटनामा पाँच जनाको मृत्यु**

साउनमा धनुषामा ८७ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा पाँच जनाको मृत्यु र १ सय ४५ जना घाइते भएका छन् । ती दुर्घटनामा १ सय ३१ वटा सवारीसाधन संलग्न रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार चालकको कारण २३, यात्रु तथा सवारको कारण ४४, पैदलयात्रीको कारण एक र सडकको अवस्थाका कारण १८ वटा दुर्घटना भएका छन्।

ट्राफिक नियम उल्लंघन गर्ने ६ सय ११ सवारीसाधनलाई कारबाही गरी ६ लाख ८७ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ।

**भन्सार छली र प्राकृतिक स्रोत दोहनमा कारबाही**

अवैध भन्सार छली नियन्त्रणअन्तर्गत साउनमा करिब ४१ लाख ६६ हजार १ सय ४० रुपैयाँ बराबरका सामान बरामद गरिएको छ । सो क्रममा दुई जना पक्राउ परेका छन् । अवैध हातहतियारतर्फ भने कुनै हतियार बरामद नभएको प्रहरीले जनाएको छ।

प्राकृतिक स्रोत दोहन नियन्त्रणतर्फ २६ वटा ट्रयाक्टर नियन्त्रणमा लिएर १ लाख ३० हजार रुपैयाँ जरिवाना गरिएको छ । अवैध मदिरा नियन्त्रणअन्तर्गत ४१५ लिटर मदिरा बरामद गरी दुई जनालाई पक्राउ गरिएको छ।

**विपद्मा १६१ प्रहरी परिचालन**

साउनमा धनुषामा आगलागी, करेन्ट लाग्ने, पानीमा डुब्ने लगायतका २३ वटा विपद्जन्य घटना भएका छन्। ती घटनामा नौ जनाको मृत्यु र ११ जना घाइते भएका छन् भने प्रहरीले ११ जनाको उद्धार गरेको जनाएको छ।

विपद् व्यवस्थापनका लागि १६१ जना प्रहरी परिचालन गरिएको थियो। आगलागीबाट करिब २ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीको अनुमान छ।

**एक महिनामा २८ हजारभन्दा बढी पटक प्रहरी परिचालन**

शान्ति सुरक्षा कायम गर्न धनुषा प्रहरीले साउनमा मोबाइल, पैदल तथा ग्रामीण गस्ती, चेकिङ र पिकेटिङलगायतका गतिविधिमा २८ हजार २ सय १९ पटक जनशक्ति परिचालन गरेको जनाएको छ।

बन्द, हड्ताल, चक्काजाम, आन्दोलन, मेला, पर्व तथा जात्रालगायत विशेष परिस्थितिमा थप १ हजार ४ सय ८५ जना प्रहरी परिचालन गरिएको थियो।

**नागरिक सहायता र जनचेतनामा जोड**

प्रहरीले लागूऔषध, आत्महत्या, साइबर अपराध, ट्राफिक सचेतना, बालविवाह तथा महिला हिंसालगायत विषयमा समुदाय र विद्यालय केन्द्रित कार्यक्रम सञ्चालन गरेको छ।

समुदाय केन्द्रित ६३ वटा कार्यक्रमबाट १ हजार ५ सय ९४ जना लाभान्वित भएका छन् । विद्यालय केन्द्रित सचेतनामूलक कार्यक्रममा ४७२ जना विद्यार्थी सहभागी भएको प्रहरीले जनाएको छ।

# भीआइपी सवारी खरिदमा...

मितव्ययी ढंगले प्रयोग गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।

सवारी सुविधा पाउने पदाधिकारीलाई प्रचलित कानुनले तोकेको अवस्थाबाहेक एकभन्दा बढी सवारी साधन उपलब्ध गराउन नपाइने निर्देशिकामा उल्लेख छ।

खर्च नियन्त्रणका लागि बैठक भत्तामा समेत सीमा निर्धारण गरिएको छ । एउटै निकायका पदाधिकारी वा कर्मचारी मात्र सहभागी हुने नियमित बैठकमा बैठक भत्ता नदिइने भएको छ। कानुनबमोजिम गठन भएका समिति वा कार्यदलको बैठकमा मात्र भत्ता उपलब्ध गराइनेछ।

यस्ता समिति वा कार्यदलमा बढीमा सात सदस्य राख्न सकिनेछ भने आवश्यकताअनुसार बढीमा तीन जना विशेषज्ञलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ । एक व्यक्तिले एक दिनमा बिहान र बेलुका गरी बढीमा दुईवटा बैठकको मात्र भत्ता लिन पाउनेछ । सार्वजनिक बिदाको दिन भने बढीमा तीनवटा बैठकको भत्ता लिन सकिने व्यवस्था गरिएको छ।

भ्रमण खर्चमा पनि निर्देशिकाले कडाइ गरेको छ । स्वदेश भ्रमणका क्रममा मुख्यमन्त्री र सभामुखको सचिवालयबाट बढीमा दुई कर्मचारी र दुई सुरक्षाकर्मी तथा अन्य पदाधिकारीका हकमा एक कर्मचारी र एक सुरक्षाकर्मीको मात्र दैनिक तथा भ्रमण खर्च भुक्तानी गरिनेछ।

सरकारी निकायका पदाधिकारीले निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा स्वदेश वा विदेश भ्रमण गर्न नपाउने व्यवस्था गरिएको छ।

प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र प्रदेशबाहिरको भ्रमणमा बढीमा पाँच दिनसम्मको दैनिक भत्ता पाइनेछ । पटकपटक भ्रमण गर्दा एक महिनामा बढीमा १२ दिनसम्म मात्र भ्रमण भत्ता उपलब्ध गराइने निर्देशिकामा उल्लेख छ।

तर तालिम वा पूर्वनिर्धारित लामो अवधिको विशेष कार्यक्रममा सहभागी हुने अवस्थामा भने सीमा लागू नहुने व्यवस्था गरिएको छ।

# तीनवर्षीया बालिका हत्या...

पाएपछि २४ घण्टासम्म प्रहरीले के–कस्तो खोजी र अनुसन्धान ग¥यो भन्ने स्पष्ट 'एक्सन लग' सार्वजनिक गर्नुपर्ने माग गरेका छन् । उनले सूचना प्राप्त भएपछि पहिलो एक घण्टा, दुई घण्टा, ६ घण्टा, १२ घण्टा र २४ घण्टासम्म प्रहरीले के–कस्ता कदम चाल्यो भन्ने विवरण सार्वजनिक हुनुपर्ने बताएका छन् । अन्सारीको प्रश्न भावनात्मक मात्र होइन, जवाफदेहितासँग जोडिएको प्रश्न हो।

तीनवर्षीया बालिका आफैं टाढा जान सक्ने अवस्थामा थिइन् कि थिइनन् ? उनी बेपत्ता भएपछि बस्ती वरपरका खाली घर, सुनसान क्षेत्र, सवारीसाधन र सम्भावित जोखिमयुक्त स्थानमा तत्काल खोजी गरिएको थियो कि थिएन ? यदि गरिएको थियो भने त्यसको अभिलेख कहाँ छ ? यदि गरिएको थिएन भने जिम्मेवार को हो ? प्रहरीले कुनै घटना भएपछि मात्रै अनुसन्धान गर्ने होइन । सम्भावित अपराध रोक्नु, बेपत्ता व्यक्ति खोज्नु र नागरिकको जीवन जोगाउनु पनि प्रहरीको पहिलो जिम्मेवारी हो।

शव भेटिएपछि कुकुर ल्याएर अनुसन्धान गर्नु आवश्यक थियो । तर, एउटा बालिका हराएको पहिलो दिनमै सम्भावित जोखिम क्षेत्रको व्यापक खोजी गरिएको भए परिणाम फरक हुन सक्थ्यो कि भन्ने प्रश्न अब गम्भीर रूपमा उठेको छ । यही कारण सांसद अन्सारीले जिम्मेवार प्रहरी अधिकारीमाथि समेत छानबिन र आवश्यक कारबाहीको माग गरेका छन्।

- **सडकमा आक्रोश, यातायात अवरुद्ध**

गरिमाको मृत्युको विरोधमा सिमरा, पथलैया र जीतपुर क्षेत्रमा स्थानीयवासी सडकमा उत्रिएका छन् । प्रदर्शनकारीले मुख्य सडकमा टायर बाल्दै घटनामा संलग्नलाई हदैसम्मको कारबाही गर्न माग गरेका छन् । इलाका प्रहरी कार्यालय सिमरा अगाडि जम्मा भएका स्थानीयले बालिकामाथि भएको जघन्य अपराधमा संलग्नलाई कुनै पनि बहानामा उन्मुक्ति दिन नहुने बताएका छन् । प्रदर्शनका क्रममा वीरगंज–पथलैया सडकखण्डमा समेत यातायात प्रभावित भएको छ । जनताको आक्रोश स्वाभाविक छ।

भर्खरै प्ले ग्रुपमा भर्ना भएकी बालिका आइतबार बिहान घरबाट बेपत्ता हुन्छिन् । परिवारले खोजी गरिरहन्छ । आमा मानमती चौधरी छोरी फर्किने आशामा हुन्छिन् । तर, तीन दिनपछि छोरीको शव भेटिन्छ । यस घटनाले एउटा परिवारलाई मात्र होइन, सम्पूर्ण समुदायलाई असुरक्षित महसुस गराएको छ । आज प्रश्न केवल गरिमाको न्यायको मात्र छैन । भोलि अर्को बालिका यसरी बेपत्ता हुँदा राज्यले उसलाई समयमै खोज्न सक्छ कि सक्दैन ?

- **उमेर र पहुँचको आडमा उन्मुक्ति होइन**

गरिमाको घटनामा पक्राउ परेका व्यक्तिमध्ये एक जना करिब १६ वर्षका रहेको विवरण सार्वजनिक भएको छ । यसले बालबालिकासम्बन्धी कानुनी व्यवस्था, आपराधिक दायित्व र जघन्य अपराधमा उमेरको प्रश्नबारे पनि बहस सिर्जना गर्न सक्छ । सांसद खातुनले अपराधीलाई उमेर र पहुँचका आधारमा उन्मुक्ति दिन नहुने माग गर्नुको अर्थ पनि यही बहससँग जोडिएको छ । तर, कानुनी राज्यमा भावनात्मक दबाबका आधारमा होइन, प्रमाण, कानुन र निष्पक्ष प्रक्रियाका आधारमा कारबाही हुनुपर्छ । नाबालिग अभियुक्तको हकमा प्रचलित कानुनले तय गरेको प्रक्रिया र सजायको व्यवस्था हुन्छ । तर, जघन्य अपराधमा संलग्न व्यक्ति कानुनका छिद्र, प्रभावशाली पहुँच वा कमजोर अनुसन्धानका कारण सजायबाट उम्कने अवस्था छ भने त्यसलाई सुधार्न राज्य तयार छ कि छैन ? जनताको आक्रोश यहीँ केन्द्रित छ।

- **कानुन कडा कि कार्यान्वयन कमजोर ?**

नेपालमा यौन हिंसा र हत्यासम्बन्धी कानुनी व्यवस्था नै नभएको होइन । तर, कानुन हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक विषय हुन् । पीडितले प्रहरीसम्म पुग्न नसक्ने, उजुरी दर्तामा समस्या आउने, अनुसन्धानमा ढिलाइ हुने, प्रमाण संकलनमा कमजोरी देखिने, अभियुक्त फरार हुने वा मुद्दा लामो समयसम्म अदालतमा अल्झिने अवस्था रहिरहँदा अपराधीमाथि कानुनको डर कमजोर हुन्छ । गरिमाको घटनाले पनि यही बहसलाई अगाडि ल्याएको छ।

बालिका हराएको सूचना प्राप्त भएपछि तत्कालै राज्यको सम्पूर्ण संयन्त्र परिचालित भएको थियो कि थिएन ? घटनाको सम्भावित गम्भीरतालाई समयमै बुझियो कि बुझिएन ? र, यदि प्रहरीको प्रारम्भिक खोजीमा कमजोरी भएको थियो भने त्यसको जिम्मेवारी कसले लिने ? यी प्रश्नको उत्तर नखोजी केवल दुईजना पक्राउ परेको समाचारमा यो घटना टुंग्याउन मिल्दैन।

- **प्रहरीको नालायकीपनले अपराधीलाई अवसर त दिइरहेको छैन ?**

अपराध बढ्नुका पछाडि अनेक सामाजिक, आर्थिक र मनोवैज्ञानिक कारण हुन्छन् । तर, प्रहरीको निष्क्रियता, ढिलासुस्ती वा गैरजिम्मेवारीले पनि अपराध नियन्त्रण कमजोर बनाउने कुरा अस्वीकार गर्न सकिँदैन । प्रहरी समयमै सक्रिय नहुने, सूचना पाएपछि तत्काल जोखिम क्षेत्र पहिचान नगर्ने, पीडितको उजुरीलाई गम्भीरतापूर्वक नलिने र घटना भएपछि मात्रै व्यापक अनुसन्धानमा लाग्ने प्रवृत्तिले अपराधीलाई अवसर दिन सक्छ । सिमराको घटनामा यही गम्भीर प्रश्न उठेको छ।

यदि प्रहरीले समयमै पर्याप्त खोजी गरेको थियो भने त्यसको तथ्य सार्वजनिक गरिनुपर्छ । यदि लापरवाही भएको थियो भने जिम्मेवार अधिकारीलाई संरक्षण होइन, कारबाही हुनुपर्छ । राज्यको सुरक्षा संयन्त्रप्रतिको जनविश्वास बचाउन यही बाटो आवश्यक छ । अपराधीलाई पक्राउ गरेर मात्र प्रहरी प्रशासनले आफ्नो सम्पूर्ण जिम्मेवारी पूरा गरेको ठान्न सक्दैन । अपराध हुन नदिन, पीडितलाई समयमै उद्धार गर्न र नागरिकको जीवन जोगाउन प्रहरीले कस्तो भूमिका खेल्यो भन्ने पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

- **गरिमाका लागि न्याय, अर्को गरिमाका लागि सुरक्षा**

गरिमा चौधरीको घटनामा वास्तविक दोषी को हुन् भन्ने अन्तिम निष्कर्ष अनुसन्धान र अदालतको प्रक्रियाबाट हुनेछ । पक्राउ परेका व्यक्तिको संलग्नता प्रमाणित हुने वा घटनामा थप व्यक्ति पनि संलग्न रहेको पत्ता लाग्ने सम्भावना अनुसन्धानकै विषय हो । त्यसैले अन्तिम निर्णयअघि कसैलाई दोषी ठहर गर्नु कानुनी रूपमा उचित हुँदैन । तर, अनुसन्धानले दोषी प्रमाणित गरेपछि कुनैपनि व्यक्ति उमेर, पहुँच, राजनीतिक सम्बन्ध वा आर्थिक प्रभावका आधारमा कानुनी कारबाहीबाट उम्कन नहुनेमा भने कुनै विवाद हुन सक्दैन।

सांसद साहजान खातुनले उठाएको फाँसीको सजायको माग होस् वा सांसद रहबर अन्सारीले उठाएको प्रहरीको जवाफदेहिताको प्रश्न दुवैको केन्द्रमा एउटा साझा मुद्दा छ । 'जघन्य अपराधमा राज्य कमजोर देखिनु हुँदैन ।' अपराधीले कानुनबाट उम्कन नपाओस् । प्रहरीले सूचना पाएपछि तत्काल सक्रिय होस् । पीडितको खोजीमा पहिलो केही घण्टालाई सामान्य रूपमा नलिइयोस् । अनुसन्धान प्रमाणमुखी होस् । दोषीमाथि निष्पक्ष तर कठोर कानुनी कारबाही होस् । र, कर्तव्यमा लापरवाही गर्ने प्रहरी अधिकारीलाई पनि जिम्मेवारीबाट उम्कन नदिइयोस् । गरिमाको मृत्यु एउटा परिवारको जीवनभरको पीडा हो । उनकी आमाको काख रित्तिएको छ । एउटा घरमा सन्नाटा छाएको छ । तर, राज्यले यो घटनालाई अर्को एउटा तथ्यांकका रूपमा मात्रै लियो भने त्यसले न्यायको अर्थ नै समाप्त पार्नेछ।

# मिथिलाञ्चलमा झुलनोत्सवको रौनक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाञ्चलमा अहिले प्रत्येक साँझ मठमन्दिरमा झुलनोत्सवको रौनक देखिन थालेको छ । साउन शुक्ल तृतीयादेखि सुरु भएको झुलनोत्सवमा जनकपुरधामसहित मिथिला क्षेत्रका मठमन्दिरमा भजनकीर्तन, झुला गीत, कजरी तथा सांस्कृतिक कार्यक्रम आयोजना भइरहेका छन्।

प्रत्येक वर्षझैँ यस वर्ष पनि सनातन धर्मावलम्बीले मठमन्दिरमा झुलनोत्सव धुमधामका साथ मनाइरहेका छन्।

जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर, महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरलगायत धनुषा, महोत्तरी, सिरहा र सर्लाहीका विभिन्न मठमन्दिरमा उत्सवको विशेष तयारी गरिएको छ।

साउन शुक्ल तृतीयादेखि सुरु हुने झुलनोत्सव पूर्णिमासम्म हरेक साँझ मनाउने परम्परा छ।

यस अवसरमा विशेषगरी भगवान् सीताराम तथा राधाकृष्णलाई आकर्षक ढंगले सजाइएको झुलामा राखेर झुलाउने गरिन्छ । देवीदेवताका प्रतिमा राख्न विशेष सिंहासन तथा गद्दी निर्माण गरी फूलमाला र अन्य सामग्रीले सजाउने परम्परा रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए।

झुलनोत्सवका अवसरमा मन्दिरहरूमा भजनकीर्तनसँगै नाटक, नाचगान तथा धार्मिक तथा लोककथा प्रस्तुत गर्ने गरिन्छ । जनकपुरधामको जानकी मन्दिरमा हरेक साँझ मिथिलाका परम्परागत झुला र कजरी गीत गुञ्जिने गरेका छन्।

मिथिलामा झुलनोत्सव धार्मिक आस्थासँगै सांस्कृतिक पहिचानसँग पनि जोडिएको पर्वका रूपमा स्थापित छ। धान रोपाइँ सकिएसँगै सुरु हुने यो उत्सवले गाउँदेखि सहरसम्मका मठमन्दिरमा छुट्टै रौनक थप्ने गरेको छ।

युवती तथा महिलाहरू झुला गीत, कजरी र मलारलगायतका लोकधुन गाउने गर्छन् । पूजाअर्चनापछि भक्तजनलाई फूलपाती, पञ्चामृत तथा नैवेद्य वितरण गर्ने परम्परा पनि छ। साउन शुक्ल पूर्णिमाको राति झुलनोत्सवको डोरी काटेर विधिवत् रूपमा पर्व सम्पन्न गर्ने धार्मिक परम्परा रहेको छ।

- **जनकपुरधाममा झुलाको परम्परा**

जनकपुरधाममा झुलनोत्सवको प्रारम्भ जानकी मन्दिरका आदि महन्थ सुरकिशोर दाससँग जोडिएको धार्मिक मान्यता छ। उनको आगमनको समय करिब सन् १७३० मानिन्छ । त्यस समयमा जनकपुरधाममा विभिन्न मठमन्दिर स्थापना हुनुका साथै धार्मिक उत्सवको सुरुवात भएको विश्वास गरिन्छ। सुरकिशोर दासले माता जानकीलाई पुत्रीका रूपमा मान्ने गरेको र उनकै प्रेरणामा झुलनोत्सव सुरु भएको जनविश्वास छ । अयोध्याको सन्त परम्परा र वृन्दावनको कृष्ण भक्ति परम्पराबाट झुलाको संस्कृति जनकपुरधाममा आएको धार्मिक इतिहासका जानकारहरू बताउँछन्।

'साउनमे उपवन वन फूले, झुला झुले नन्दकिशोर' जस्ता परम्परागत गीतले पनि झुलनोत्सवको धार्मिक तथा सांस्कृतिक पक्षलाई प्रतिबिम्बित गर्छन् । साधुसन्तहरूले यात्रा तथा प्रवासका क्रममा शालिग्रामलाई आसनमा राखी झुलाउने परम्परा पनि झुला संस्कृतिसँग जोडिएको पाइन्छ।

- **धार्मिक आस्थासँगै सांस्कृतिक आकर्षण**

झुलनोत्सवले जनकपुरधाममा धार्मिक पर्यटनको आकर्षणसमेत बढाउने गरेको छ । विभिन्न मठमन्दिरमा सजाइएका झुला, सिंहासन र फूलमालाले साँझपख मन्दिर परिसरलाई आकर्षक बनाउने गरेका छन् । एकातर्फ भगवान् राम–जानकीलाई झुलामा राखेर भक्तिभावका साथ झुलाउने गरिन्छ भने अर्कोतर्फ मिथिलाका परम्परागत गीत तथा सांस्कृतिक प्रस्तुतिले वातावरणलाई उत्सवमय बनाउँछ।

मिथिला क्षेत्रका अधिकांश मठमन्दिरमा झुलनोत्सव मनाइए पनि जानकी मन्दिर र राम मन्दिरको झुला विशेष आकर्षणको केन्द्र बन्ने गरेको छ । जानकी मन्दिरमा विशेष किसिमका तीनवटा सिंहासनमा राम–सीताको प्रतिमा राखेर झुलाउने परम्परा छ।

धार्मिक आस्थाका साथै मिथिलाको मौलिक लोकसंस्कृति, संगीत र परम्परालाई पुस्तान्तरण गर्ने माध्यमसमेत बनेको झुलनोत्सवले अहिले जनकपुरधामका साँझहरूलाई भक्तिमय र सांस्कृतिक रंगले भरिदिएको छ।

# वर्षौं बित्यो, पुल बनेन

## रौतहट–सर्लाहीका नागरिकको नदी वारपार सास्ती उस्तै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रौतहट र सर्लाहीका नदी किनारका बस्तीमा पुल बन्ने आशा वर्षौंदेखि कायमै छ। सरकार फेरिए, राजनीतिक व्यवस्था फेरियो, बजेट थपियो र निर्माणको म्याद पटक–पटक बढाइयो। तर करोडौँ रुपैयाँका ठेक्का लागेका महत्वपूर्ण पुल अझै अधुरै छन्।

रौतहटको गौर–ईशनाथ जोड्ने टिकुलिया घाटस्थित लालबकैया पुल यसको एउटा उदाहरण हो। २०७१ असार २९ गते शिलान्यास भएको यो पुल निर्माण सुरु भएको करिब १५ वर्ष पुग्न लाग्दा पनि सञ्चालनमा आउन सकेको छैन। सुरुमा १४ करोड ९३ लाख रुपैयाँमा ठेक्का लागेको पुलका लागि पछि २७ करोड ६६ लाख रुपैयाँमा पुनः सम्झौता गरिए पनि निर्माणले अपेक्षित गति लिन सकेन। पुल निर्माण सम्पन्न नहुँदा वर्षायाममा स्थानीयवासीको समस्या झन् बढ्ने गरेको छ। लालबकैया नदीमा पानीको सतह बढेपछि स्थानीय जोखिम मोलेर डुङ्गाबाट आवतजावत गर्न बाध्य हुन्छन्। यही घाटमा २०७५ सालमा डुङ्गा पल्टिँदा पाँच जनाको मृत्यु भएको घटना अझै स्थानीयको स्मृतिमा ताजै छ।

सर्लाही र रौतहट जोड्ने बडहर्वा–गंगापिपरा बागमती पुलको अवस्था पनि उस्तै छ। करिब ८६ करोड रुपैयाँ लागतमा २०७३ सालमा ठेक्का सम्झौता भएको यो पुल पटक–पटक म्याद थपिए पनि पूर्ण हुन सकेको छैन। २०८१ सालको बाढीले पुलको एउटा स्पान बगाएपछि निर्माण थप प्रभावित भएको छ।

बडहर्वास्थित अर्को बागमती पुल पनि लामो समयदेखि अधुरो छ। २०६६ सालमा शिलान्यास भएको पुलका केही स्पान निर्माण भइसके पनि बाँकी कामले गति लिन सकेको छैन।

यी पुल स्थानीयका लागि केवल भौतिक संरचना मात्र होइनन्। हजारौँ नागरिकको दैनिक आवागमन, विद्यार्थीको विद्यालय पहुँच, बिरामीको उपचार, किसानको बजारसम्मको पहुँच र व्यापार व्यवसायसँग प्रत्यक्ष जोडिएका महत्वपूर्ण पूर्वाधार हुन्। पुल नबन्दा सामान्य यात्रासमेत जोखिमपूर्ण र खर्चिलो बन्ने गरेको स्थानीयको गुनासो छ।

वर्षौँसम्म आयोजना अलपत्र पर्ने, निर्माण अवधि थपिँदै जाने र लागत बढ्ने प्रवृत्तिले राज्यको विकास व्यवस्थापनप्रति नागरिकको विश्वासमा समेत प्रश्न उठाएको छ। लामो समयदेखि पुल निर्माणको प्रतीक्षामा रहेका स्थानीयवासी अब नयाँ आश्वासन वा शिलान्यासभन्दा पनि अधुरा संरचनाले पूर्णता पाएको हेर्न चाहन्छन्।

स्थानीय तथा नागरिक समाजले तीनवटै पुल निर्माणका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गरी कामलाई तीव्रता दिन सरकार, सम्बन्धित मन्त्रालय र सडक विभागसँग माग गरेका छन्।

राजनीतिक व्यवस्था फेरियो, सरकार फेरिए र नेताहरू पनि फेरिए। तर नदी तर्नुपर्ने रौतहट–सर्लाहीका नागरिकको समस्या भने अझै उस्तै छ।

# अदालतबाट सजाय तोकिएका आठ फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका आठ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयनका लागि खोजतलास गर्ने क्रममा विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको छ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये तीन जना लिखतसम्बन्धी कसुर, एक जना सवारी ज्यान, एक जना लागूऔषध, एक जना हुन्डी, एक जना चेक अनादर र एक जना चोरी मुद्दाका फरार प्रतिवादी छन्।

लिखतसम्बन्धी कसुरमा दोषी ठहरिएका तीन जनामध्ये एक जनालाई चार महिना १५ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना, अर्कालाई नौ महिना कैद र १० हजार रुपैयाँ जरिवाना तथा अर्का व्यक्तिलाई दुई महिना कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएको थियो।

त्यस्तै, सवारी ज्यान मुद्दामा एक महिना १५ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तथा लागूऔषध मुद्दामा तीन महिना कैद र ५ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो। हुन्डीसम्बन्धी कसुरमा दुई महिना कैद, चेक अनादर मुद्दामा १ हजार रुपैयाँ जरिवाना तथा चोरी मुद्दामा १३ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले अदालतबाट सजाय तोकिएपछि फरार रहेका प्रतिवादीलाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि अदालतमा बुझाइएको जानकारी दिए।

प्रहरीले अदालतबाट फैसला भई फरार रहेका अन्य प्रतिवादीको समेत खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ।

# 'छठपछि मधेशमा रास्वपाका सांसदलाई तनाव हुनसक्ने'



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश कुमार सिंहले छठ पर्वपछि मधेशमा रास्वपाका सांसदले जनताको आक्रोश सामना गर्नुपर्ने अवस्था आउन सक्ने बताएका छन्।

पार्टी सभापति रवि लामिछानेको निर्देशनमा बुधबार बोलाइएको पार्टी, सांसद तथा मन्त्रीहरूको छलफलमा सांसद सिंहले यस्तो धारणा राखेका हुन् । उनले सीमामा कडाइ गर्दा मधेशका नागरिकको दैनिक जीवन प्रभावित भइरहेको बताउँदै यसले आगामी दिनमा थप समस्या निम्त्याउन सक्ने चेतावनी दिए।

सीमामा गरिएको कडाइका कारण मधेशी जनताको दैनिकीमा कठिनाइ बढ्दै गएको उल्लेख गर्दै उनले जनताको असन्तुष्टिलाई समयमै सम्बोधन गर्नुपर्नेमा जोड दिए । सांसद सिंहले अवस्था थप जटिल बन्दै गए रास्वपाका सांसदले मधेशमा जनताको आक्रोश तथा विरोध सामना गर्नुपर्ने अवस्था आउन सक्ने बताएका थिए।

# मोतिहारीमा ७५० ग्राम गाँजासहित नेपाली युवक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतको बिहारस्थित मोतिहारी जिल्लामा ७ सय ५० ग्राम गाँजासहित एक नेपाली युवक पक्राउ परेका छन्।

भारतको सुगौली थाना क्षेत्रमा लागुऔषधविरुद्ध सञ्चालन गरिएको अभियानका क्रममा प्रहरीले बाराको जितपुर उपमहानगरपालिका–१ का राजन मुखियालाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार मंगलबार प्राप्त गोप्य सूचनाका आधारमा सीमावर्ती क्षेत्रमा विशेष निगरानी बढाइएको थियो। सोही क्रममा भारततर्फ जाँदै गरेका मुखियालाई नियन्त्रणमा लिएर जाँच गर्दा उनको साथबाट ७५० ग्राम गाँजा बरामद भएको थियो।

सुगौली थानाका प्रभारी अनिश कुमार सिंहका अनुसार बरामद गाँजा नियन्त्रणमा लिएर पक्राउ परेका युवकविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रारम्भिक विवरणअनुसार मुखिया जितपुर क्षेत्रबाट गाँजा लिएर भारतीय भूमितर्फ प्रवेश गरेका थिए । नेपाल–भारत सीमाबाट करिब ३५ किलोमिटर भारतीय भूभागतर्फ पुगेपछि उनी पक्राउ परेको प्रहरीले जनाएको छ।

नेपाल–भारतबीचको खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा लागुऔषधको अवैध ओसारपसार नियन्त्रण सुरक्षा निकायका लागि चुनौती बन्दै आएको छ । पछिल्लो घटनाले सीमापार लागुऔषध कारोबार नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच समन्वय थप प्रभावकारी बनाउनुपर्ने देखाएको छ।

# जनकपुरधाममा तुलसी जयन्ती भव्यतापूर्वक मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा रामानन्दीय वैष्णव संघको आयोजनामा तुलसी जयन्ती महोत्सव भव्यतापूर्वक मनाइएको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको महोत्सवमा साधुसन्त, धर्मगुरु तथा भक्तजनको उल्लेख्य सहभागिता रहेको थियो । महोत्सवका अवसरमा भगवान् रामको भक्ति र रामचरितमानसका रचनाकार गोस्वामी तुलसीदासको योगदानको स्मरण गर्दै विभिन्न धार्मिक कार्यक्रम आयोजना गरिएको रामानन्दीय वैष्णव संघका अध्यक्ष रामरोशन दास वैष्णवले बताए । कार्यक्रममा तुलसीदासको जीवन, दर्शन, साहित्यिक योगदान तथा सनातन धर्म र समाजमा पु¥याएको योगदानबारे चर्चा समेत गरिएको उनले बताए।

रामानन्दीय वैष्णव संघले आयोजना गरेको महोत्सवमा रामचरितमानसका विभिन्न प्रसंग वाचन, भजनकीर्तन तथा धार्मिक प्रवचनसमेत गरिएको थियो । सहभागी साधुसन्त तथा भक्तजनले तुलसीदासका रचनाले धार्मिक आस्था, नैतिकता र सामाजिक सद्भाव अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको धारणा राखेका थिए।

कार्यक्रममा वक्ताहरूले तुलसीदासले भगवान् रामको आदर्श चरित्रलाई जनसाधारणसम्म पु¥याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै उनका रचनामा रहेको मानवता, कर्तव्य, मर्यादा र सदाचारको सन्देश आज पनि उत्तिकै सान्दर्भिक रहेको बताए।

महोत्सवका क्रममा भजनकीर्तन तथा धार्मिक अनुष्ठानले जनकपुरधामको वातावरण भक्तिमय बनेको थियो। सहभागी भक्तजनले तुलसीदासको योगदानको स्मरण गर्दै धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षणमा सबैले भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए।

रामानन्दीय वैष्णव संघले तुलसी जयन्तीलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिँदै धार्मिक तथा सांस्कृतिक गतिविधिमार्फत जनकपुरधामको मौलिक पहिचान संरक्षण गर्ने जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन